# स्थानीय राजपत्र

विगु गाउँपालिकाद्वारा प्रकाशित

| खण्ड २ | संख्या १ | मिति: २०७५/०१/१२ |
| --- | --- | --- |

**भाग २**

**विगु गाउँपालिका**

नेपालको संविधानको धारा २१५ को उपधारा (१) बमोजिमको कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७५ सालको कार्यविधि संख्या १

# विगु गाउँपालिका आधारभूत तथा माध्यमिक तह अनुदान कार्यविधि, २०७५

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम “विगु गाउँपालिका आधारभूत तथा माध्यमिक तह अनुदान कार्यविधि २०७५” रहेको छ ।

(२) यो कार्यविधि विगु गाउँपालिका भर लागू हुनेछ ।

(३) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा : विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-**

(क) “प्राथमिक शिक्षा” भन्नाले कक्षा एक देखि कक्षा पाँच सम्म दिइने शिक्षा सम्झनु पर्छ

(ख) “आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ग) “माध्यमिक शिक्षा” भन्नाले कक्षा नौ देखि कक्षा बाह्र सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(घ) “पूर्व माध्यमिक शिक्षा” भन्नाले कक्षा नौ देखि कक्षा दश सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ङ) “उत्तर माध्यमिक शिक्षा” भन्नाले कक्षा एघार देखि कक्षा बाह्र सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(च) “गाउँपालिका” भन्नाले विगु गाउँपालिका सम्झनु पर्छ ।

(छ) “गाउँ सभा” भन्नाले विगु गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ ।

(ज) “विशेष शिक्षा” भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ ।

(झ) “विद्यालय” भन्नाले सामुदायिक विद्यालयवा संस्थागत विद्यालय सम्झनु पर्छ ।

(ञ) “विद्यालय शिक्षा” भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

(ट) “प्राविधिक तथा व्यवसायिक शिक्षा” भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(ठ) “सामुदायिक विद्यालय” भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिका नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ड) “संस्थागत विद्यालय” भन्नाले निजी पहलमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृत प्राप्तविद्यालय सम्झनु पर्छ ।

(ढ) “शिक्षक” भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्राधानाध्यापक समेतलाई जनाउछ ।

(ण) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्यकर्मचारी सम्झनु पर्छ ।

(त) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(द) “अभिभावक” भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएका व्यक्ति सम्झनु पर्छ ।

(ध) “अनुमति” भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृत प्रदान गरी नसकेको कुनै तोकिएको ठाउ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई सम्झनु पर्छ ।

(न) “स्वीकृति” भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई सम्झनु पर्छ ।

(प) “आवाशीय विद्यालय”भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवाशीय विद्यालयको रुपमा स्वीकृत प्रदान गरिएको विद्यालयलाई सम्झनु पर्छ ।

(फ) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(ब) “स्थायी आवासीय अनुमति” भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकीवा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरर्सिटी इमिग्रेन्ट भिसा (डि.भी), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वाग्रिन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउछ ।

(भ) “प्रारम्भिक बालशिक्षा” भन्नाले चार बर्ष मुनिका बालबालिकालाई

दिइने एक वर्षको प्रारम्भिक बालशिक्षा सम्झनु पर्छ ।

### ३. विद्यालय एकिकरण सम्बन्धि बिधि

यस गाउँपालिकाभित्र विभिन्न स्थान रहेको विद्यालयहरुलाई निम्न आधारमा एकीकरण गरिनेछ ।

क) एक विद्यालयबाट अर्को विद्यालय सम्म पुग्न लाग्ने समय, प्राथमिक विद्यालयको हकमा ३० मिनेट सम्म ।

ख) आधारभूत र माध्यमिक विद्यालयको हकमा एक विद्यालयबाट अर्को विद्यालय सम्म लाग्ने समय १ घण्टा सम्म ।

ग) विद्यार्थी संख्या प्रति कक्षा कम्तिमा १० जना सम्म तर भौगोलिक विकटता, पहिरो, खोलानाला, भिर आदिको कारणले विद्यार्थीहरु अर्को विद्यालयमा जान नसक्ने भएमा माथि जे सुकै कुरा उल्लेख भएता पनि विद्यालयको एकीकरण गरिने छैन ।

घ) विद्यालयहरुको एकीकरण अनुसूची १ बमोजिम हुनेछ ।

### ४. विद्यालय अनुदान सम्बन्धि व्यवस्था

यस बिगु गाउँपालिका भित्र रहेको विभिन्न विद्यालयको एकीकरण पश्चात बाँकी रहने विद्यालयमा तिनीहरुको दरवन्दी संख्या, विद्यार्थी संख्या, भौगोलिक अवस्था आदिको अध्ययन गरी विद्यालयलाई अनुदान दिन सकिनेछ । यसरी गाउँपालिकाबाट अनुदान व्यवस्था गरिएका विद्यालयहरुको शिक्षक छनौट, नियुक्ति, सेवाशर्त सुविधा गाउँपालिकाले तोकेको मापदण्ड बमोजिम हुनेछ । नियुक्ति हुने शिक्षकको व्यक्तिगत विवरण, नियुक्ति र तलबको भरपाई विवरण गाउँपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

### ५. अनुदान दरवन्दी सम्बन्धि व्यवस्था

यस गाउँपालिका भित्र रहेको विद्यालयको अध्ययन गरी कार्यबिधि नं. ३ र ४ मा भएको व्यवस्था बमोजिम अनुदान दरवन्दीको व्यवस्था गाउँपालिकाले गर्नेछ । उक्त दरवन्दी नेपाल सरकारले प्रदान गरेको अस्थायी दरवन्दी बराबरको हैसियतको हुनेछ । कार्यबिधि ३ को (घ) मा उल्लेख गरेको दरवन्दी अनुसार नपुग दरवन्दी बराबरको रकम गाउँपालिकाले अनुदान उपलब्ध गराउने छ ।

## ६. अनुदान सम्बन्धि विशेष व्यवस्था

यस आर्थिक वर्ष २०७४/७५ का लागि यस बिगु गाउँपालिकाका अन्तर्गत संचालित तपशिल बमोजिमका माध्यमिक विद्यालय आफ्नो निजि स्रोतबाट संचालन गरिरहेको  विगतका वर्षमा साविक जि.शि.का. दोलखाबाट प्रति विद्यार्थी लागत वापत रकम प्राप्त भएको यस आर्थिक वर्षमा प्राप्त नभएकोले  माध्यमिक तह संचालन गर्न नसक्ने अवस्था भई विद्यालय बन्द गर्नु पर्ने स्थिति सिर्जना हुने र विद्यालय बन्द हुँदा माध्यमिक तह पढ्ने विद्यार्थीहरुलाई समस्या पर्ने भएकोले हाल माध्यमिक तह निजि स्रोतमा संचालन गर्न अनुदान स्वरुप तपशिल बमोजिमको रकम विनियोजन गरिनेछ ।

| क्र.स. | विद्यालयको नाम ठेगाना | तह | शिक्षक संख्या | लागत | कैफियत |
|---|---|---|---|---|---|
| १. | ठाडी देउलाङ्ग प्रा.वि. | नि.मा.वि. | १ | ३,०५,०००।- | |
| २. | देवलिङ्गेश्वर मा.वि. ओराङ | नि.मा.वि. र मा.वि. | २ | ६,१०,०००।- | |
| ३. | चित्रे मा. वि. लादुक | नि.मा.वि. र मा.वि. | २ | ७,०२,०००।- | |
| ४. | हिमालयमा.वि., चिलंखा | नि.मा.वि. | १ | ३,०५,०००।- | |
| ५. | देवीटार आ.वि., चिलंखा | नि.मा.वि. | १ | ३,०५,०००।- | |
| ६. | थम्पु मा.वि., आलम्पु | नि.मा.वि. | १ | ३,०५,०००।- | |
| ७. | गौरिशंकर मा.वि., बिगु | नि.मा.वि. | १ | ३,०५,०००।- | |
| ८. | कालिञ्चोक आ.वि., खोपाचागु | नि.मा.वि. | १ | ३,०५,०००।- | |
| ९. | शारदा मा.वि. बुलुङ | नि.मा.वि. | १ | ३,०५,०००।- | |

बिगु गाउँपालिका, दोलखा

## अनुसूची १

(कार्यबिधिको दफा ३ को घ सँग सम्बन्धित)

| क.स. | तह / कक्षा | विद्यार्थी संख्या | न्युनतम दरवन्दी | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | बालकक्षा | प्रा.वि. | नि.मा.वि. | मा.वि. | उ.मा.वि. |
| १. | प्रा.वि.(१-३ कक्षा) | न्युनतम २० | १ | २ | - | - | - |
| २. | प्रा.वि.(१-५ कक्षा) | न्युनतम ३० | १ | ३ | - | - | - |
| ३. | प्रा.वि.(१-५ कक्षा) | न्युनतम २० देखि ५० | १ | ४ | - | - | - |
| ४. | प्रा.वि.(१-५ कक्षा) | ५०माथि | १ | ५ | - | - | - |
| ५. | आ.वि.(१-६ कक्षा) | | १ | ५ | - | - | - |
| ६. | आ.वि.(१-८ कक्षा) | | १ | ५ | १ | - | - |
| ७. | मा.वि. | | १ | ५ | ३ | २ | - |
| ८. | उ.मा.वि. | | १ | ५ | ३ | ३ | १ |

प्रमाणीकरण मिति: २०७५।०१।१२

आज्ञाले,
नवराज ओली
प्रमुख प्रशासकीय अधिकृत